नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

(ग्रामिण विकास समन्वय शाखा)

फोन :४२००५११, ४२००३०४

इमेल : lbss-mld@yahoo.com

पत्र संख्याः-

चलानी नं.:- २.१.१(२६)

मिति :- २०७३/०१/२७

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय २०६९

विषयः घुम्ती सेवा सञ्चालन सम्बन्धमा।

श्री जिल्ला विकास समितिको कार्यालय, सबै (७५ वटै) ।

प्रस्तुत विषयमा सामान्य प्रशासन मन्त्रालयको सोचपत्र, २०७२ को बुँदा नं. ९ मा "जनताको घरदैलोमा सेवा प्रवाह गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउनको लागि प्रत्येक जिल्लामा घुम्ती सेवा अभियानलाई थप व्यवस्थित र नियमित बनाईने छ।" भन्ने व्यवस्था रहेको व्यहोरा अवगतनै छ । सुशासन ऐन, २०६४ को दफा २६ र सुशासन नियमावली, २०६५ को नियम १५ ले समेत यस सम्बन्धमा उल्लेख गरेको हुँदा सर्वसाधारण नागरिकको सामुहिक वा वैयक्तिक सरोकार रहने सार्वजनिक सेवालाई सम्बन्धित सेवाग्राही बसेको स्थानमानै सेवा उपलब्ध गराउन अन्तरगतका निकायहरूबाट मिलाईएको विवरण पठाउन भनि सामान्य प्रसासन मन्त्रालयको मिति २०७३/०१/२१ को च.नं. २१९ को पत्र प्राप्त भएको छ । यस सन्दर्भमा जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय लगायत अन्य निकयहरूसँग पनि समन्वय गरी धुम्ती सेवा संचालन गर्ने गराउने व्यवस्था गर्नु हुन आदेशानुसार अनुरोध छ । साथै यस अभियानलाई थप प्रभावकारी बनाउन आगामी दिनमा लिइएको योजना समेतको विवरण यस मन्त्रालयको ग्रामीण विकास समन्वय शाखामा उपलब्ध गराउन हुन अनुरोध छ ।

२०७३/०१/२६

(डाल विक्रम कँडेल)

शाखा अधिकृत

बोधार्थः

श्रीमान् मुख्य सचिवज्यूको निजि सचिवालय, सिंहदरवार ।

श्री सामान्य प्रसासन मन्त्रालय, सिंहदरवार ।

श्री सूचना तथा विधुतीय शासन शाखाः मन्त्रालयको website मा राखीदिने व्यवस्था हुन अनुरोध छ ।